# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

बेथानचोक, काभ्रे २०७६ भाद्र ०६ गते, २०७६ साल

# भाग २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोकको

## सूचना

बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७६

# बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७६।०५।०६

**प्रस्तावना :**

नेपालको संविधानको भाग ४, धारा ५१ अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजी, सहकारी र सरकारी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हाँसिल गर्न साथै हाँसिल गरिएको सम्वृद्धिमा बहुसंख्यक जनताको पहुँच स्थापना गर्ने मार्गनिर्देश गर्ने, उद्योग व्यवसाय प्रवर्द्धन, विस्तार साथै गुणस्तरीय एवं विश्वसनीय सेवा तथा उत्पादन प्रवर्द्धनको उद्देश्य राखी बेथानचोक गाउँपालिकाको गाउँ कार्यपालिकाबाट यो कार्यविधि पारित गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७६" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिकालाई जनाउँदछ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले बेथानचोक गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

ग) "गाउँ सभा" भन्नाले बेथानचोक गाउँपालिकाको गाउँ सभा लाई जनाउँदछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

ङ) "घरेलु शाखा" भन्नाले यस गाउँपालिकामा रहेको उद्योग सम्बन्धी कार्य हेर्ने शाखा वा इकाईलाई जनाउँदछ ।

**३. उद्योग तथा व्यवसाय दर्ता सम्बन्धी व्यवस्था**

उद्योग, व्यवसाय, व्यापार, सेवा र पेशाजन्य क्रियाकलापहरु बेथानचोक गाउँपालिका भित्र सञ्चालन गर्न यस कार्यविधिले निर्देश गरेबमोजिम दर्ता

गरी मात्र सञ्चालन गर्न पाइनेछ । दर्ता गर्नको लागि यस कार्यविधिले अनुसूचीमा तोके बमोजिम निवेदन पेश गर्नुपर्नेछ । पेश गरिएको निवेदनको आवश्यक कारवाही गरी गाउँपालिकाले व्यवसायीलाई अनुसूचीमा व्यवस्था गरिए बमोजिमको व्यवसाय दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ । गाउँपालिकामा व्यवसाय दर्ता गरेपश्चात अन्य सम्बन्धित निकायबाट प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम अनुमति लिनुपर्नेछ । कानूनी प्रावधान भएका पेशा, व्यवसाय सञ्चालन गर्नु पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायी स्वयंको नै हुनेछ । व्यवसाय सञ्चालन भएको स्थानमा अनुसूची बमोजिमको सूचनापाटी अनिवार्य रुपमा टाँस गरिएको हुनुपर्नेछ । गाउँपालिकाले व्यवसाय दर्ता र कर प्रयोजनका लागि दर्ता किताब र कर विवरण किताब वा कम्प्यूटर सफ्टवेयर व्यवस्थित गर्न सक्नेछ ।

(१) **व्यवसाय दर्ताको लागि निवेदन दिनुपर्ने**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय सञ्चालन गर्न ईच्छुक व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा वडा कार्यालय मार्फत गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

(२) **व्यवसाय दर्ताको प्रमाणपत्र**

उपदफा (१) बमोजिम वडा कार्यालयबाट सिफारिस भई आएको निवेदनअनुसार गाउँकार्यपालिकाले तोकिए बमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण पत्र जारी गर्नुपर्नेछ ।

(३) **व्यवसाय नामसारी**

गाउँपालिकामा दर्ता कायम रहेको कुनै व्यवसाय सञ्चालकले अरु व्यक्ति वा संस्थालाई नामसारी गरेर दिन सक्ने छ । सो बापत नयाँ व्यवसाय दर्ता सरहको शुल्क गाउँपालिकामा दाखिला गर्नुपर्नेछ । सो प्रयोजनको लागि बिक्रीकर्ता तथा खरिदकर्ता दुवै पक्षले अनुसुचि ३ बमोजिमले संयुक्त निवेदन वडा कार्यालय मार्फत गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

(४) **अनिवार्य दर्ता गर्नुपर्ने :**

गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका व्यवसायहरु हालसम्म अन्य जुनसुकै निकायमा दर्ता कायम रहेका भएपनि यो कार्यविधि लागु भै सकेपछि यस गाउँपालिकामा समेत अनिवार्य रुपमा दर्ता गर्नुपर्ने छ ।

## ४. नवीकरण सम्बन्धी व्यवस्था

आवधिक रुपमा (आर्थिक अन्त्य भएको ३ महिना भित्र) आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकाको कार्यालयमा उद्योग/व्यवसाय नविकरण गरिसक्नु

पर्नेछ । म्याद भित्र नवीकरण नभएको उद्योग/व्यवसायको हकमा तोकिए अनुसार थप शुल्क लाग्नेछ । साझेदारी थपघट, स्थान परिवर्तन वा अवस्था परिवर्तनको कार्य समेत नवीकरण प्रक्रिया मार्फत गाउँपालिकाले गर्न सक्नेछ ।

५. **उद्योग तथा व्यवसाय कर**

यो कार्यविधिले निम्न बमोजिम उद्योग/व्यवसायको वर्गिकरण गरी गाउँपालिकाको कार्यालयमा उद्योग व्यवसाय दर्ता गर्ने, गराउने साथै वर्गीकृत व्यवसाय स्तरीकरण गरी वार्षिक रुपमा कर संकलन गर्न मार्गनिर्देश गर्नेछ ।

- **प्राकृतिक श्रोतको उत्खनन गरि वस्तु र सेवा प्रवाह गर्ने उद्योग :** ईंटाभट्टा, बालुवा प्रशोधन, क्रसर, ह्युम पाइप, ब्लक रिंग कंगक्रीट, स मिल, फर्निचर, खानी, ग्रिल उद्योग ।
- **सेवा प्रवाह व्यवसाय :** आवासीय होटल, रेष्टुरेन्ट, खाना होटल, चिया पसल, पर्यटन प्रवर्दन गर्ने व्यवसाय, सुन्दरता जन्य व्यवसाय, निर्माण सामाग्री बिक्री वितरण गर्ने ।
- **दैनिक उपभोग्य वस्तुको उत्पादन र बिक्री गर्ने व्यवसाय :** कुटानी पिसानी मिल, किराना पसल, तरकारी पसल, पेय पदार्थ उत्पादन र बिक्री, दुग्ध उत्पादन र बिक्री, कपडा पसल, टेलर ।
- **मेसिनरी सामान निर्माण, मर्मत र बिक्री वितरण**
- **रासायनिक वस्तुको बिक्री र उत्पादन**
- **मानव तथा जैविक स्वास्थ :** फार्मेसी, कृषि तथा पशु स्वास्थ्य उद्योग, अस्पताल, क्लिनिक ।
- **ज्ञान र सिप :** तालिम केन्द्र, निजि विद्यालय, ट्यूशन केन्द्र ।
- **इन्धन प्रशोधन तथा विक्री वितरण**
- **ब्युटी पार्लर तथा शैलुन**

६. **श्रमिक सम्बन्धी व्यवस्था**

गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने उद्योग/व्यवसायले नेपालको प्रचलित श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ ।

**७. वातावरण प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था**

खानी उत्खनन, रासायनिक पदार्थ उत्पादन, तथा प्राकृतिक श्रोत साधन प्रयोग गरी सञ्चालन गरिने उद्योग सञ्चालन गर्नुपूर्व अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गरी सम्बन्धित निकायको सिफारिस बमोजिम मात्र अनुमति दिने वा नदिने अधिकार गाउँपालिका सँग निहित रहनेछ । गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण उद्योग व्यवासाय बाट उत्सर्जित फोहोरमैला, प्रदुषण व्यवस्थापनको जिम्मेवारी व्यवसायी स्वयंमा रहनेछ ।

**८. मूल्य निर्धारण र सेवा तथा उत्पादनको गुणस्तरको मापदण्ड**

कालो बजारी, गुणस्तरहीन सेवा वा वस्तु तथा म्याद गुज्रिएका वस्तुको बिक्री वितरण, अधिक मूल्यमा कारोबार तथा आफूखुशी मूल्य वृद्धिलाई दण्डनीय ठहर गरिनेछ । गुणस्तर र मूल्य निर्धारणको लागि संघ र प्रदेश तहका प्राविधिक र संस्थागत जिम्मेवार निकायको नीति तथा मापदण्डलाई समेत श्रोतको रुपमा प्रयोग गरिने वा त्यसलाई अवलम्बन गरिनेछ । उद्योग व्यवसायसँग सम्बन्धित मूल्य निर्धारण, गुणस्तर परीक्षण प्रयोजनका लागि अनुसूचीमा व्यवस्था गरिएको संयन्त्रले कार्य सहजीकरण गर्नेछ ।

**९. अनुगमन र मूल्यांकन**

गाउँपालिकाभित्र सञ्मचालित उद्योग, व्यवसायको आवधिक अनुगमन र मूल्यांकन गर्ने तथा त्यस को प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरी आवश्यकता बमोजिम नियमन/प्रोत्साहन गरिनेछ । अनुगमन तथा मूल्यांकन गर्न विज्ञ, उपभोक्ता प्रतिनिधि, जनप्रतिनिधि, उद्योगी, सुरक्षा निकाय सम्मिलित समिति निर्माण गरिने छ ।

**१०. खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था**

तोकिएको मापदण्ड पूरा नगर्ने तथा कानूनी र वित्तीय अनुशासन उल्लंघन गर्ने व्यवसायलाई व्यवसायको प्रकृति हेरी २४ घण्टा देखि ६ महिना सम्मको सुधार गर्ने म्याद दिईनेछ । सुधारका लागि तोकिएको समयमा समेत आवश्यक सुधार नगर्ने उद्योग व्यवसायको दर्ता खारेजी गरिनेछ ।

## ११. बाधा अड्काउ फुकाउ

यस कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आइ परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाई कार्य सम्पादन गर्न सहजीकरण गर्न सक्नेछ ।

## १२. बचाउ

यस अघि प्रचलित कानून बमोजिम दर्ता/नवीकरण भएका उद्योग, व्यवसाय यसै कार्यविधि बमोजिम दता/नवीकरण भएको मानिनेछ ।

## अनुसूची १
## उद्योग व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्री बेथानचोक गाउँपालिका
....................................... कार्यालय

**विषय : व्यवसाय दर्ता/नविकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।**

मैले/हामीले निम्न स्थानमा ......................................................... व्यवसाय दर्ता/नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौँ । बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै बेथानचोक गाउँपालिकाबाट समय समयमा दिइने आदेश, निर्देशन समेत पालन गर्न मन्जुर छु/छौँ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्बाही भएमा मन्जुर छु/छौँ ।

१. व्यवसायीको नाम, थर :..................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : ................................ जिल्ला .................. गा.पा./न.पा. .................
वडा नं. ..................... मार्ग ............... घर नं. ................

३. बाबुको नाम, थर : ............................................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ......... मार्ग ............ घर नं. ........... व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं. ..................... पोष्ट बक्स नं.: ..............................
वेभसाइट ...............................................

५. सम्पर्क फोन नं.: .......................... फ्याक्स .................. इमेल ..........................

६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गाको घरधनीको नाम, थर : ............................

७. ठेगाना : ................. वडा नं. ............... घर नं. .............. मार्ग ....................

८. व्यवसायको विवरण/प्रकृति : ............................................

९. पूँजीगत लगानी रु. मा ........................................

१०. फर्म/कम्पनीको नाम : .....................................

११. परिचय पाटीको साइज : (लम्बाई ................. चौडाई ............ वर्गफिट .................)

१२. अन्यत्र दर्ता भएको भए दर्ता नं. ................................./कार्यालय : ........................

१३. संलग्न गर्नुपर्ने कागजातहरु : आफ्नै घर भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति । फर्म कम्पनी भएमा दर्ता । इजात प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

मिति : .............................
निवेदनको दस्तखत

**कार्यालय प्रयोजनका लागि मात्र :-**

निवेदन दस्तु : .................. दर्ता दस्तुर ..................... व्यवसायकर ........................ परिचय पाटी दस्तुर .................जरिवाना ..................... जम्मा ...................... व्यवसाय प्रमाण पत्र नं. ....................

मिति : .................................

.............................  ...........................  .........................
पेश गर्ने  ठीक छ भनी प्रमाणित गर्ने  स्वीकृत गर्ने

**अनुसूची २ :**
**बेथानचोक गाउँपालिकाको उद्योग/व्यवसाय दर्ता प्रमाण-पत्र**
**बेथानचोक गाउँपालिका**
**उद्योग/व्यवसाय दर्ता प्रमाण - पत्र**

करदाता नं : ..................................
दर्ता मिति : ..................................
प्रमाण पत्र नं. : ...............................

काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गाउँपालिका, वडा नं. ...... बस्ने, बर्ष ....................को श्री ...................................................... लाई बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै बेथानचोक गाउँपालिकाबाट समय समयमा दिइने आदेश, निर्देशन समेत पालन गर्न मञ्जुर भएको निवेदनको आधारमा व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवासयको नाम : ...........................................................................
व्यवसाय रहने स्थान : बेथानचोक गाउँपालिका वडा नं. ............. बाटोको नाम .............. ................. घर नं. ..................... टोल .................................... व्यवसाय रहने घर/जग्गाधनीको नाम : ......................................................... व्यवसायको प्रकृति ...................................... विवरण ...................................................... पुँजीगत लगानी
लगानी (रु. मा) : ..............................................................

: ...................                                                    : ....................
करदाताको हस्ताक्षर                                                    स्वीकृत गर्नेको
हस्ताक्षर

१) प्रत्येक आर्थिक वर्षको लागि गाउँपालिकाको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आ.व.को ३ महिना दिन भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।
२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा बेथानचोक गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।
३) व्यवसाय बन्द गर्नु परेमा करदाताले बेथानचोक गाउँपालिकाको सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।
४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र सो कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।
५) कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन पदिन सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।
६) व्यवसायबाट उत्पादन हुने फोहोल मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।
७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।
८) उल्लेखित शर्तनामहरु पालना नगरेमा जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।
९) यो प्रमाणपत्र दर्ता, नविकरण, सञ्चालन र नियमान प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित उद्योग ऐन बमोजिम अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने कुनै उद्योग/पेशा वा व्यवसायले प्रचलित कानून बमोजिम दर्ता गरि मात्र त्यस्तो कार्य सञ्चालन गर्नुपर्नेछ ।

## अनुसुचि : ३
## नामसारी गर्ने निवेदनको ढाँचा

श्री बेथानचोक गाउँपालिका
...................................... कार्यालय

**विषय : व्यवसाय नामसारी गराई पाँउ ।**

मैले/हामीले निम्न स्थानमा संचालन गर्दै आईरहेको ..................................................... व्यवसाय मिति .......................... देखि मेरो आफ्नो मञ्जुरीले .................................. लाई संचालन गर्न दिन हामी दुईटै पक्षको सहमति रहेकोले ..............................लाई संचालन गर्न दिने र आजका मिति देखि दर्ता, नविकरण गर्ने र अन्य आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । बेथानचोक गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै बेथानचोक गाउँपालिकाबाट समय समयमा दिइने आदेश, निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्बाही भएमा मन्जुर छु/छौं ।

**<u>साविकको</u>**

१. व्यवसायीको नाम, थर :....................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : .................................... जिल्ला ......................... गा.पा./न.पा. ................. वडा नं. ...................... मार्ग ............... घर नं. ................

३. बाबुको नाम, थर : ............................................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ......... मार्ग ............ घर नं. ........... व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं. ..................... पोष्ट बक्स नं.: .............................. वेभसाइट ................................................

५. सम्पर्क फोन नं.: .......................... फ्याक्स ...................
इमेल ..........................

**<u>हालको</u>**

१. व्यवसायीको नाम, थर :....................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : .................................... जिल्ला ......................... गा.पा./न.पा. ................. वडा नं. ...................... मार्ग ............... घर नं. ................

३. बाबुको नाम, थर : ............................................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ......... मार्ग ............ घर नं. ........... व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं. ..................... पोष्ट बक्स नं.: .............................. वेभसाइट ................................................

५. सम्पर्क फोन नं.: .......................... फ्याक्स ...................
इमेल ..........................

६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गाको घरधनीको नाम, थर : ............................
७. ठेगाना : ................ वडा नं. ............... घर नं. .............. मार्ग ....................
८. व्यवसायको विवरण/प्रकृति : ............................................
९. पूँजीगत लगानी रु. मा ........................................
१०. फर्म/कम्पनीको नाम : .....................................
११. परिचय पाटीको साइज : (लम्बाई ................ चौडाई ............ वर्गफिट .................)
१२. अन्यत्र दर्ता भएको भए दर्ता नं. ................................./कार्यालय : ........................
१३. संलग्न गर्नुपर्ने कागजातहरु : आफ्नै घर भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति । फर्म कम्पनी भएमा दर्ता । इजात प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

मिति : .............................
निवेदनको दस्तखत

**कार्यालय प्रयोजनका लागि मात्र :-**

निवेदन दस्तु : .................. दर्ता दस्तुर ..................... व्यवसायकर ........................ परिचय पाटी दस्तुर .................जरिवाना ..................... जम्मा ...................... व्यवसाय प्रमाण पत्र नं. ....................
मिति : .................................

| | | |
|---|---|---|
| ............................ | ............................ | .......................... |
| पेश गर्ने | ठीक छ भनी प्रमाणित गर्ने | स्वीकृत गर्ने |

## अनुसूची ४ :
## उद्योग व्यवसाय कर दर्ता किताब

| दर्ता नं. | नाम | ठेगाना | प्रोपाइटर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत